अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री रामबाग सामुदायिक वन उपभोक्ता समूह

**गुलरिया न.पा. ०५, सुहेलवा, बर्दिया**

प.स. २०८२/२०८३

च.नं. ६५

मिति: २०८३/०१/२४

**विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।**

लट नं. १ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०१।२४

श्री रामबाग सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **नागरीक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०१/२४ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी** २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस रामबाग सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. ०५ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

## तपसिल

१.वन पैदावारको बिवरणः-

| लट नं. | वन पंदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | आँप | १ | N | ७।७१ | ०।०६ | २०० | ४००० | १५४२ | २४० | काठ प्रति घ.फी १२५ र दाउरा प्रति चट्टा ८००० संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | गुटेल | ३ | N | ९६।०३ | ०।३३ | १०० | ४००० | ९६०३ | १३२० | |
| | सिमल | ५ | N | ३३६।२१ | ०।८८ | १५० | ४००० | ५०४३१।५ | ३५२० | |
| | जम्मा | २० | | ४३९।९५ | १।२७ | | | ६१५७६।५ | ५०८० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८३।०२।१४ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००१०१२२३००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/------------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. ३००/– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र रामबाग सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

अध्यक्ष

# श्री रामबाग सामुदायिक वन उपभोक्ता समूह

## गुलरिया न.पा. ०५, सुहेलवा, बर्दिया

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्दी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१४ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष

## बजार

सुन तोला - २९६,८००
चाँदी तोला - ५०५५

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १५१.०८ | १५१.६८ |
| युरो - | १७८.०५ | १७८.७५ |
| पाउन्ड स्टर्लिङ - | २०५.०४ | २०५.८९ |



कैलालीको धनगढी बजारमा गोरुगाडामा तरबुजा लगेर बिक्री गर्दै धनगढी उपमहानगरपालिका- १२ जुगेडाका किसान। तस्बिर : मीन ठकुरी/रासस

# नेपाली युवा विदेशमा विदेशी नेपालमा

सबिता खड्का

काठमाडौं, वैशाख २३

नेपालमा रोजगारी अभावका कुरा बारम्बार आइरहँदा त्यसको ठीक विपरीत एउटा रोचक यथार्थ पनि देखिने गरेको छ। विदेशी श्रमिक पनि काम गर्न नेपाल आएसँगै यहाँ कमाएको रेमिटेन्स विदेसिने गरेको छ।

देशभित्र पर्याप्त रोजगारी अवसर नहुँदा हरेक वर्ष लाखौंलाख नेपाली युवा वैदेशिक रोजगारीको खोजीमा विभिन्न देशमा बाहिरिने गरेका छन्। दैनिक रूपमा करिब दुई हजार पाँच सय नेपाली श्रम स्वीकृति लिएर विदेसिएका छन्, तर यही समयमा नेपाल आफैं पनि विदेशी श्रमिकका लागि काम गर्ने गन्तव्य बन्दै आएको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को (साउनदेखि वैशाख २२ गते) झन्डै १० महिनामा एक हजार ६ सय २५ जना विदेशीले नेपालमा श्रम स्वीकृति लिएर काम गरिरहेका छन्।

विभिन्न क्षेत्रमा दक्ष जनशक्तिको माग बढेसँगै विदेशी नागरिकले श्रम स्वीकृति लिएर नेपालमै वैध रूपमा रोजगारी गर्दै आएका छन्। निर्माण, प्रविधि, आतिथ्य सेवालगायतका क्षेत्रमा उनीहरूको संलग्नता उल्लेख्य देखिन्छ। यसले नेपालमा अवसर नै छैन भन्ने धारणा केही हदसम्म चुनौती दिइरहेको छ। नेपालमा काम गर्न आएका विदेशी श्रमिकले कमाएको आम्दानी आफ्नो देश फिर्ता लैजाने गरेका छन्।

नेपालमा श्रम स्वीकृति लिएर काम गर्ने विदेशी कामदारमध्ये सबैभन्दा बढी चिनियाँ नागरिक रहेका छन् भने दोस्रोमा अमेरिकाका श्रमिक नेपालमा काम गर्न आएको विभागको तथ्यांकले देखाएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि वैशाख २२ सम्ममा एक हजार आठजना चिनियाँ नागरिकले श्रम स्वीकृति लिएर नेपालमा काम गरिरहेका छन् भने ८० भन्दा बढी अमेरिकी नागरिक रहेको विभागले जनाएको छ।

> एकातिर नेपाली युवा अवसरको खोजीमा विदेसिने र अर्कातर्फ विदेशी श्रमिक नेपालमै रोजगारी गर्न आउने परि दृश्यले नेपालको श्रम बजारको यथार्थ झल्काउँछ।

वैदेशिक रोजगारीको खोजीमा नेपालका युवा वर्ग विभिन्न देश पुग्ने गर्छन्। प्रायः सबैलाई लाग्ने गर्छ, नेपालमा रोजगारका अवसर नहुँदा नेपाली युवा विदेसिएका हुन्, तर रोजगारको अवसर देखेरै थुप्रै विदेशी नेपालमा वैधानिक तथा अवैध दुवै तवरले काम गर्न आउने गरेका छन्। त्यसै पनि विदेशी कामदार नेपालका विभिन्न बजारमा यत्रतत्र देख्न सकिन्छ। नेपाली बजारमा विदेशी कामदार वैधानिक तवरले हेर्ने हो भने चिनियाँ नागरिक बढी छन्, तर अवैधरूपमा नेपालमा काम गर्ने विदेशी कामदार भारतीय बढी रहेको अधिकारी बताउँछन्।

विभागका निर्देशक मणिनाथ गोपका अनुसार नेपालको जलविद्युत्, सडक, विमानस्थलसहित ठूला पूर्वाधार निर्माणमा चिनियाँ नागरिकले श्रम स्वीकृति लिएका छन्। चिनियाँ कम्पनीहरूले ठेक्का लिएका स्थानमा चिनियाँ नागरिक कामदारका रूपमा आउने गर्छन्। नेपालमा काम गर्ने विदेशी कामदारमध्ये चिनियाँ नागरिकको पूरा अभिलेख राख्ने गरिएको छ, तर भारतीय नागरिकको कुनै अभिलेख नभएको उनले नागरिकसँग बताए।

नेपालमा काम गर्ने विदेशी सबै कामदारको अभिलेख राख्ने हो भने भारतीय नागरिक पहिलो नम्बरमा पर्ने गर्छन्', उनले भने, 'तर भारतीय नागरिकको अभिलेख हामीसँग छैन। नेपालमा काम गर्ने चिनियाँ नागरिकको अभिलेख हामीसँग भएकाले उच्च दक्ष कामदार बढी छन्।' चिनियाँ नागरिक नेपालमा काम गर्न आउँदा श्रम स्वीकृति लिने गरेका छन् भने भारतीय नागरिकले श्रम स्वीकृति लिनुपर्ने त्यस्तो कुनै प्रावधान नरहेको उनले नागरिकलाई बताए।

उनका अनुसार नेपालमा निर्माणाधीन खानेपानी, नहर तथा हाइड्रोपावर कम्पनी, इलेक्ट्रोनिक कम्पनी र एयरलाइन्सको रोजगारीमा धेरै विदेशी कामदार कार्यरत छन्। नेपालमा दक्ष श्रमिक नपाएको अवस्थामा मात्र विदेशी श्रमिक राख्न पाउने व्यवस्था श्रम ऐनमा छ, तर विदेशी कम्पनीले खोजेजस्तो दक्ष कामदार नेपाली नपाएको भन्दै उनीहरूले विदेशी कामदार ल्याउने गरेको उनले जानकारी दिए।

आव २०८१/८२ मा (नयाँ र नवीकरण) गरेर दुई हजार पाँच सय ५९ विदेशीले श्रम स्वीकृति लिएका छन्, जसमा आठ सय ९२ विदेशीले नयाँ श्रम स्वीकृति लिएको तथ्यांक विभागसँग छ। त्यस्तै आव २०८०/८१ मा दुई हजार सात सय सातजना, आव २०७९/८० मा दुई हजार नौ सय ९७ जना, आव २०७८/७९ मा दुई हजार चार सय ८५ जना र आव २०७७/७८ मा दुई हजार तीन सय ९० जना विदेशीले नेपालमा श्रम स्वीकृति लिएर काम गरेको विभागको तथ्यांकमा उल्लेख छ। नेपालमा काम गर्ने विदेशी कामदारलाई सरकारले ९२ वर्षसम्मको श्रम स्वीकृति दिने गरेको छ।

स्वदेशमा रोजगारी पाइएन भन्दै वर्षौंदेखि ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा गइरहेका छन्। अझ धनी नेपालीको अमेरिका जाने सपना कमै मात्रामा होला। अमेरिका जाने सपनाले लाखौंदेखि करोडौं डुबाउने गरेको घटना पनि यत्रतत्र छरिएकै छन्, तर अमेरिकाजस्तो देशका श्रमिक पनि नेपालमा काम गर्न आएको विभागको तथ्यांकले देखाएको छ। यसरी आफ्नै स्वदेशमा पाइने कामका क्षेत्रमा नेपाली युवाका आँखा नलागेको देखिन्छ, तर तिनै क्षेत्रमा काम गर्न विदेशी नेपाल आउने क्रम जारी छ। नेपालमा आएर काम गर्ने विदेशीले रेमिटेन्स पनि लगिरहेका छन्। यसरी एकातिर नेपाली युवा अवसरको खोजीमा विदेसिने र अर्कातर्फ विदेशी श्रमिक नेपालमै रोजगारी गर्न आउने परिदृश्यले नेपालको श्रम बजारको यथार्थ झल्काउँछ।

# मालपोत कार्यालय अब 'भूमि प्रशासन'

भुवन शर्मा

काठमाडौं, वैशाख २३

सरकारले मालपोत कार्यालयको नाम परिवर्तन गरी 'भूमि प्रशासन कार्यालय' राखेको छ। राष्ट्रपतिबाट केही नेपाल ऐनलाई संशोधन गर्न जारी भएको अध्यादेशमा मालपोत कार्यालयको नाम परिवर्तन गरी भूमि प्रशासन कार्यालय राखिएको हो। उक्त अध्यादेश राजपत्रमा समेत प्रकाशित भइसकेको छ। 'जग्गा (नापजाँच) ऐन २०१९ मा संशोधन, जग्गा (नापजाँच) ऐन २०१९ को ठाउँठाउँमा रहेका मालपोत कार्यालय भन्ने शब्दहरूको सट्टा भूमि प्रशासन कार्यालय भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ', राजपत्रमा लेखिएको छ।





यसैगरी सरकारले भूमि प्रशासन सेवा अब स्थानीय तहबाट सञ्चालनका लागि तयारी थालेको छ। भूमि प्रशासन सेवा सुरु गरेका नगरपालिकामा त्यससम्बन्धी काम गर्न सेवा गर्नुपरे सेवाग्राही अब मालपोत र नापी कार्यालय जानुपर्ने छैन। भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार दुई सय सातवटा स्थानीय तह भूमि प्रशासन र नापीसम्बन्धी सेवा आफैं सुरु गर्न इच्छुक देखिएका छन्। इच्छुकमध्ये तीनवटा उपमहानगरपालिका छन्।

नापी र भूमि प्रशासनसम्बन्धी सेवा प्रदान गर्न इच्छुक स्थानीय तहलाई मन्त्रालयमा सात दिनभित्र निवेदन दिन सूचित गरिएको थियो। तोकिएको समयभित्र दुई सय सात स्थानीय तहले निवेदन दिएको भूमि व्यवस्थापन विभागका एक कर्मचारीले बताए। ती कर्मचारीको भनाइअनुसार आगामी साउन १ देखि भूमि प्रशासन र नापी सेवा स्थानीय तहमा पठाउन सुरु गरिने छ। 'पहिलो चरणका केही स्थानीय तहमा मालपोत र नापीसम्बन्धी सेवा दिइने छ', उनले भने, 'त्यसपछि क्रमशः अन्य नगरपालिकामा पनि उक्त सेवा लगिने छ।'

मन्त्रालयले जग्गा प्रशासन र नापीसम्बन्धी सेवा प्रदान गर्ने स्थानीय तहलाई आवश्यक जनशक्ति व्यवस्थापन गर्ने र नगरपालिकामा कार्यरत जनशक्तिलाई तालिम दिने जनाएको छ। जग्गा र नापीसम्बन्धी सेवा स्थानीय तहमा लैजान एक साताभित्रै आवश्यक तयारी गरिने मन्त्रालयको भनाइ छ।

एकातिहाइ स्थानीय तहले जग्गा प्रशासन र नापी सेवा सुरु गरे पनि सबै जिल्लामा एउटा/एउटा जग्गा प्रशासन तथा नापी कार्यालय रहने छ, तर ती दुई कार्यालयलाई गाभेर एउटै कार्यालय बनाउन गृहकार्य सुरु गरिएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा- 9841420589

कीर्तिपुर-६, बाँपागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मूल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

### सम्पर्क

फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०

### सूचना



जिल्ला धादिङ नेत्रावती डबजोङ गाउँपालिका वडा नं. ३ बस्ने भारतीय सेनाको भू.पू. सैनिक नं. 09413303P हवल्दार शेर बहादुर गुरुङ 1/11GR को भारतीय पेन्सन अभिलेखमा नामथर शेर बहादुर गुरुङ भएको तर नेपाली नागरिकता प्रमाणपत्र नं. २३५९ धादिङमा नामथर शेर बहादुर तामाङ गुरुङ उल्लेख भएको साथै निजको एकमात्र श्रीमतीको पेन्सन अभिलेखमा नामथर गंगा माया राइनी र उमेर 36 yrs in 1992 A.D. उल्लेख भएको र नेपाली नागरिकता प्रमाणपत्र नं. २८२ धादिङमा नामथर गंगा माया राइनी तामाङ (गुरुङ) र जन्म मिति 2006/03/18 B.S. (01/07/1949 A.D.) उल्लेख भएको हुँदा दुवै नामथर र जन्म मिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

### सूचना



जिल्ला गोरखा, आरुघाट गाउँपालिका वडा नं. ६ बस्ने भारतीय भूपू सैनिक जे.सी. 112688Y सुबेदार शुक बहादुर गुरुङ ३/४ जी.आर. को पेन्सन अभिलेखमा जन्म मिति 29/11/1942 A.D. उल्लेख भएको तर नेपाली नागरिकता प्रमाणपत्र नं. ७४३ गोरखामा जन्म मिति 1998/05/15 वि.सं. (30/08/1941 A.D.) भएको साथै निजको एकमात्र श्रीमतीको नामथर पेन्सन अभिलेखमा बिन्द्रा माया र जन्म मिति 01/07/1943 A.D रहेको तर नेपाली नागरिकता प्रमाणपत्र नं. ३०६ गोरखामा 2008/02/10 वि.सं. (24/05/1951 A.D.) उल्लेख भएको हुँदा दुवै नामथर र जन्म मिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३।०१।२४

यस मनिकापुर सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न. पा. ०६, मनिकापुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न डेडको साल गोलिया थान ८० को ४९२६० घ.फि काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री मनिकापुर सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ६, मनिकापुर, बर्दिया।

मो.नं. ९८४८६८७५७७

### काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३।०१।२४

यस रामवाग सामुदायिक वन उपभोक्ता समूह गुलरिया न. पा. ०५, सुहेलवा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ ४३९।९५ घ.फि. तथा दाउरा १।२७ चट्टा अनुमानित लागत बमोजिम प्रति ईकाई दरेटमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:००बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री रामवाग सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. ०५, सुहेलवा, बर्दिया।

मो.नं. ९८४८९२११७६


# अपूरा आयोजनालाई प्राथमिकता दिन जिसस कास्कीको आग्रह

पोखरा, वैशाख २३ (नागरिक)- जिल्ला समन्वय समिति (जिसस) कास्कीले जिल्लामा सञ्चालित बहुवर्षीय अधुरा र रुग्ण आयोजनालाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षमा पूरा गर्ने गरी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न सरकारसँग आग्रह गरेको छ।

समितिको हाले सम्पन्न ४८औं बैठकले अपूरा आयोजनालाई प्राथमिकता दिन आग्रह गरेको जिसस प्रमुख लीलाधर पौडेलले जानकारी दिए। बजेट अभाव, निर्माण कम्पनीको चरम लापरबाही र अन्य विभिन्न कारणले अलपत्र परेका आयोजनाको अवरोध पहिचान गरी तत्काल काम अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराइएको पौडेलले बताए। 'बजेट विनियोजन गरेर, अवरोधका कारण हटाई यथाशीघ्र निर्माण सम्पन्न गर्ने गरी अगाडि बढाउन हामीले सिफारिस गरेका छौं', उनले भने, 'बहुवर्षीय आयोजना विभिन्न कारणले अलपत्र परेका छन्। ती आयोजनालाई बजेट अभाव पनि छ।'



जिसस कास्कीको ४८औं बैठक। तस्बिर : नागरिक

विभिन्न कारणले विगतको सरकारको वार्षिक बजेटमा परेर पनि सम्पन्न हुन नसकेका करिब दुई दर्जन आयोजना अहिले अपूरा छन्। रकम विनियोजन भए पनि विभिन्न अवरोधले ती आयोजना पूरा हुन नसकेको उनले बताए। अवरोधका कारणको पहिचानसहित यथाशीघ्र निर्माण सम्पन्न हुने गरी अगाडि बढाउन सिफारिस गर्ने निर्णय गरेको पनि उनले बताए। उनका अनुसार कतिपय आयोजनाका लागि रकम पनि अपर्याप्त छ।

पौडेलका अनुसार निर्माण पूरा गर्न सिफारिस गरिएका आयोजनामा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको भवन निर्माण आयोजना, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला निर्माण योजना छन्। त्यसैगरी सराङकोट स्वास्थ्य चौकी भवन, भर्खरा कृषि सडक मोटरबाटो निर्माणका योजना रहेका छन्।

त्यसैगरी पुल सेक्टर पोखरा कार्यालयमातहत सञ्चालित आयोजना पनि रोकिएका छन्। अलपत्र परेकामध्ये आर्थिक वर्ष २०७४/७५ को आयोजनामध्ये सेती नदीमाथि बगर र फूलबारी जोड्ने पूल, पोखरा- ३० र ३३ जोड्ने मुसेटुँडा पावर हाउसको पुल निर्माणमा ढिलाइ भएको छ। ती आयोजना पूरा गर्न सहरी विकास मन्त्रालयलाई अनुरोध गरिएको छ।

त्यस्तै पोखरा- २१ र १७ जोड्ने दम्साडी पूल, पोखरा- १३ र २८ जोड्ने गरी कसेरीमा निर्माणाधीन विजयपुर खोला पुल, कास्कीको अन्नपूर्ण गाउँपालिका र पर्वतको मोदी गाउँपालिका जोड्ने भुरुङदी पुल, पोखरा- २५ र १९ जोड्ने जीर्ण सेती दोबिल्लाघाटको पुल छन्।

त्यस्तै पोखरा- ४ र ५ जोड्ने फिर्के खोला पुलसहितका आयोजनाको काम तत्काल अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराइएको छ। मुग्लिङ-पोखरा सडक स्तरोन्नतिको बाँकी कामसहित पृथ्वीचोकको सेती नदीमाथिको पुल आयोजनाको कार्य र मध्य पहाडी लोकमार्गको कास्की खण्डको बाँकी काम पूरा गर्न पनि अनुरोध गरिएको छ। मध्यपहाडी लमजुङ र कास्कीको सिमानामा ट्र्याक खोलेर कार्य अगाडि बढाउन पनि जिससले अनुरोध गरेको छ। यसैगरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय हवाई उडान सञ्चालन गर्न पनि जिससले अनुरोध गरेको छ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः २००८।०५।२९

स्वर्गारोहणः २०८३।०१।१७

**स्व. कुमार बहादुर राई**

यस स्कुलका संस्थापक प्रिन्सिपल तथा वर्तमान अध्यक्ष **कुमार बहादुर राई**को असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**न्यातापोल सेकेन्डरी स्कुल परिवार**

**मुलढोका, भक्तपुर-१०**


# उद्योग वाणिज्य महासंघको अध्यक्षमा श्रेष्ठ

काठमाडौं, वैशाख २३ (नागरिक)- नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्षमा अञ्जन श्रेष्ठ निर्वाचित भएका छन्। अघिल्लो कार्यकालका वरिष्ठ उपाध्यक्ष श्रेष्ठ महासङ्घको विधानअनुसार स्वतः अध्यक्ष पदमा चयन भएका हुन्। उक्त प्रावधानअनुसार श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका हुन्।

महासङ्घको ६०औं वार्षिक साधारणसभापछि सुरु निर्वाचन प्रक्रियाको मतगणना बुधबार सम्पन्न भएको छ। निर्वाचनमार्फत विभिन्न समूहअन्तर्गत उपाध्यक्षसहित नयाँ कार्य समिति चयन गरिएको छ। मुख्य निर्वाचन अधिकृत लीलामणि पौडेलका अनुसार जिल्ला तथा नगरतर्फका दुई उपाध्यक्ष पदमा कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ निर्वाचित भएका छन्।

त्यसैगरी वस्तुगत सङ्घतर्फको



उपाध्यक्षमा नरेशलाल श्रेष्ठ निर्वाचित भएका छन्। एसोसिएटतर्फको उपाध्यक्ष पदमा प्रबलजंग पाण्डे विजयी भएका छन्। नवनिर्वाचित नेतृत्वले निजी क्षेत्रको सुदृढीकरण, आर्थिक सुधार तथा व्यवसायमैत्री वातावरण निर्माणमा जोड दिने अपेक्षा गरिएको छ। वरिष्ठ उपाध्यक्ष स्वतः अर्को महाधिवेशनबाट अध्यक्ष हुने प्रावधान यसपटक नै अन्तिम रहेको र आगामी महाधिवेशनमा अध्यक्ष पदका लागि निर्वाचन हुने जनाइएको छ।

अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको आर्थिक उन्नयनका निम्ति हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। महासङ्घ अध्यक्षको कार्यभार सम्हाल्नुअघि संक्षिप्त कुरा गर्दै उनले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन्। उद्यमी व्यवसायीका साथै लगानीको सुरक्षा आफ्नो पहिलो प्राथमिकता भएको उनले बताए। निजी क्षेत्र र सरकारबिचको साझेदारी अपरिहार्य छ भन्दै उनले राष्ट्रको समृद्धि आपसी साझेदारीबाटै सम्भव हुने बताए। वरिष्ठ उपाध्यक्ष श्रेष्ठ बुधबारदेखि महासङ्घको अध्यक्ष भएका हुन्। महासङ्घको विधानमा वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधानअनुसार उनले कार्यभार सम्हाल्न लागेका हुन्। अध्यक्ष श्रेष्ठ साढे दुई दशकदेखि महासङ्घमा आबद्ध छन्। उनी व्यावसायिक घराना लक्ष्मी ग्रुपका कार्यकारी निर्देशकसमेत हुन्।